जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १७० २०७६ साल माघ २१ गते मंगलबार (4 Feb. 2020 Tuesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : नेताको सम्पत्ति अनुसन्धान, ... ३ पृष्ठमा : सम्भव होला दुई महिनामा.. ३ पृष्ठमा : हुबेइमा ८ हजारभन्दा ...

## पढाई अवरोध भएको भन्दै क्याम्पसमा तोडफोड




**दैनिक समाचारदाता**
**राजविराज, २० माघ ।**

महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजमा विद्यार्थीहरुले पढाई अबरोध भएको भन्दै सोमबार तोडफोड गरेका छन् ।

सम्पूर्ण आंशिक प्राध्यापकलाई करार गर्न माँग गर्दै नेपाल आंशिक प्राध्यापक संघ मविव क्याम्पस इकाई समिति राजविराजले आफ्नो आन्दोलनका पूर्वघोषित कार्यक्रम अनुसार सोमबार कक्षा बहिष्कार गरेपछि विद्यार्थीहरुले सो तोडफोड गरेका हुन् ।

यसअघि आंशिक प्राध्यापक संघले आइतबार क्याम्पस प्रमुखको कार्यकक्षमा तालबन्दी गरेको थियो । उनीहरुको आन्दोलनमा क्याम्पसमा कार्यरत अन्य प्राध्यापकसमेत समर्थन जनाएपछि सोमवार क्याम्पसमा पठनपाठन सञ्चालन हुन सकेन ।

राष्ट्रिय विद्यार्थी संघ क्याम्पस इकाइ अध्यक्ष विकास कुमार मण्डलले प्राध्यापकहरुले एक सुत्रिय माग राखेकोप्रति आफूहरुको आपत्ति नरहेको तर, पठनपाठन रोकिँदा विद्यार्थीको भविष्य नै चौपट हुने अवस्था आएको बताए ।

यस्तै नेपाल विद्यार्थी संघका दिपक यादवले प्राध्यापकहरुको समस्याका बारेमा सुनुवाइ गरी अवस्था समान्य तुल्याउने काम नभएको भन्दै यसरी पढाइ रोकेर आफूहरु बस्न नसक्ने बताए ।

कक्षा सञ्चालन हुनुपर्ने मागसहित विद्याथीले गरेको आन्दोलनप्रति अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन, राष्ट्रिय विद्यार्थी संघ लगायतले पनि

*बाँकी दुई पृष्ठमा*

## पूर्वी भेगमा हात्ति आंतक कायमै, लाखौंको क्षति

**दैनिक समाचारदाता**
**राजबिराज, २० माघ ।**

कोशी टप्पु वन्यजन्तु आरक्षबाट आउने गरेको जंगली हात्तिको आंतकले सप्तरीको पूर्वी भेगका जनता त्रासमा रहेका छन् । हात्तिको समूहले शनिबार, आइतबार र सोमबार सो भेगमा लाखौंका धनमालको क्षति गरेको छ ।

पछिल्लो पटक सोमबार बिहान सप्तरीको कंचनरुप नगरपालिका ९ रुपनगरका श्याम यादव र मुक्तिलाल यादवको घरमा रहेको धान, चिउरा, गहु, चामललगायतका अन्नहरु जंगली हात्तिले नष्ट गरेको छ । जंगली हात्तिले उनीहरुको धान ८ मन, चिउरा ५० किलो, चामल १०० किलो, गँहु ३ मन गरि २५ हजार बराबरको क्षति गरेको प्रहरीले जनाएको छ ।

यस्तै शनिबार राति र आईतबार बिहान आएको हात्तीको समूहले कंचनरुप नगरपालिका वडा नं. १२ का जगत बहादुर केसीको घर तथा पूर्व मन्त्री समेत रहेका हेमराज तातेडको खेतमा लगाइएको अन्नपातमा क्षति पुर्‍याएको छ ।

चार/पाँच वटा आएको हात्तिको समूहले कंचनरुप नगरपालिका वडा नम्बर १२ कलौनी बस्ने ७५ बर्षीय जगत बहादुर केसीको आँगनमा लगाइएको बार भत्काएर ५० हजार बराबरको क्षति गरेको छ । हात्तीले उनको आँगनमा राखिएको ५० मन धान, एक मन मकै खाएका छन् ।

त्यस्तै हात्तीको समूहले शनिबार राति पूर्व मन्त्री तातेड्ले कंचनरुप नगरपालिका वडा नम्बर १२ धरमपुरस्थित खेतमा लगाएको आलुबाली, गहुबालिमा हात्तिले क्षती पुर्‍याएको छ भने बिभिन्न बाली खाएर नष्ट गरेको जिल्ला

*बाँकी दुई पृष्ठमा*

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि

गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज

फोन नं. : 031-522408/09

## विभिन्न सवारी दुर्घटनामा एकको मृत्यु, बालिकासहित पाँच घाइते

**दैनिक समाचारदाता**
**राजबिराज, २० माघ ।**

सप्तरीको विभिन्न स्थानमा भएको सवारी दुर्घटनामा परि एक जनाको मृत्यु भएको छ भने बालिकासहित पाँच जना घाइते भएका छन् ।

सप्तरीको सुरुङ्गा नगरपालिका ५ कुशहास्थित राजमार्गमा सोमबार मोटरसाइकलको ठक्करबाट पैदलयात्री एक बालिका घाइती भएकी छिन् ।

पुर्ब बाट पश्चिम तर्फ जादै गरेको को.३०.प. १०४८ नं.को मोटरसाइकलले पैदलयात्री स्थानिय ७ वर्षिया रमिता कुमारी पासवानलाई ठक्कर दिएको हो । बाटो काट्ने क्रममा मोटरसाइकलले ठक्कर दिँदा शरिरको बिभीन्न भागमा चोट लागेर घाइते भएकी पासवानलाई उपचारको लागी सप्तऋषी अस्पताल लहान लागि लगिएको प्रहरीले जनाएको छ ।

यस्तै जिल्लाको रुपनी गाउँपालिका वडा नं. १ राजमार्गमा पुर्वबाट पशि्चमतर्फ जाँदै गरेको ना.७ ख.५७०३ न.को बसले ना.५०प. ८६२६ नं.को मोटरसाइकललाई ठक्कर दिदा नाम नखुलेका अन्दाजी २० वर्षिय पुरुषको मृत्यु भएको छ ।

सो दुर्घटनामा अन्य एकजना समेत घाइते भएका छन् । प्रहरीका अनुसार २० वर्षिय पुरुषको टाउकोमा चोट लागेको तथा दाहिने खुट्टा भाचेको अवस्थामा रुपनी अस्पतालमा उपचारका लागि भर्ना गरिएकोमा थप उपचारका लागि बिराटनगरतर्फ लैजादै गर्दा बाटोमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

यसैगरि जिल्लाको छिन्नमस्ता गाउँपालिका ४ लालापट्टीस्थित भित्री सडक खण्डमा ट्याक्टरको ठक्करबाट मोटरसाइकल चालकसहित दुई जना घाइते भएका छन् ।

लालापट्टीबाट सखडा तर्फ आईरहेको ना.६त. ६९५० नं. को ट्याक्टरले बिपरित दिशाबाट

*बाँकी दुई पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाईल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | prabhu Money Transfer | CITY EXPRESS | IME International Money Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

# सम्भव होला दुई महिनामा ९५ हजार श्रमिक सूचीकृत

काठमाडौँ, २० माघ (रासस)।

तीन महिनाभित्र थप एक लाख श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध गराउने सरकारी लक्ष्य भेट्टयाउन मुस्किल देखिएको छ।

पछिल्लो समय सामाजिक सुरक्षा कोषमा सूचीकृत हुने श्रमिक तथा रोजगारदाताको सङ्ख्या हेर्दा उक्त लक्ष्य हासिल गर्नु चुनौतीपूर्ण देखिएको हो। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवले गत पुस २२ गते तीन महिनाभित्र थप एक लाख श्रमिक र १५ हजार रोजगारदातालाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सूचीकृत गराउने योजना सार्वजनिक गर्नुभएको थियो। मन्त्रालयले निर्धारित लक्ष्य भेट्टयाउने गरी नै काम गरिरहेको स्पष्ट पारेको छ।

मन्त्री यादवले आफ्नो कार्ययोजना सार्वजनिक गरेको झण्डै एक महिनाको अवधिमा जम्मा छ हजार श्रमिकमात्र कोषमा सूचीकृत भएका छन्। गत पुस २१ गतेसम्म एक लाख ३५ हजार ७९३ श्रमिक र ११ हजार ९८० रोजगारदाता योजनामा सामेल भएका थिए। हालसम्म सूचीकृत हुने श्रमिकको सङ्ख्या एक लाख ४१ हजार ५६३ मात्र पुगेको छ। यस्तै १२ हजार ११० रोजगारदाता कोषमा सूचीकृत भएका छन्।

केन्द्रीय तथ्याङ्क विभागले गरेको प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजाअनुसार नेपालमा सञ्चालित प्रतिष्ठानको सङ्ख्या नौ लाख २२ हजार ४४५ छ। यस्तै ती प्रतिष्ठानमा ३४ लाख आठ हजार ७४६ जनशक्ति सक्रियरूपमा लागेका छन्। विभागको तथ्याङ्कलाई आधार मान्ने हो भने पनि अझै निकै ठूलो सङ्ख्यामा रोजगारदाता र श्रमिक यो प्रक्रियामा सामेल भएका छैनन्।

मन्त्री यादवले बढीभन्दा बढी रोजगारदाता र श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन रणनीतिक सञ्चारसहित औद्योगिक कोरिडोरमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने घोषणा गरे पनि त्यसले मूर्तरुप लिन सकेको छैन। श्रममन्त्रीको तीनमहिने कार्ययोजनामा आर्थिक क्षेत्रका आधारमा उद्योग प्रतिष्ठानको वर्गीकरण गरी रोजगारदाता र श्रमिकसमेतको सहभागितामा १२ वटा त्रिपक्षीय अन्तरक्रिया एवं सामाजिक संवादको कार्यक्रम सञ्चालन गरिने उल्लेख छ।

**लक्ष्य भेट्टयाउने गरी काम गरिरहेका छौँ: प्रवक्ता घिमिरे**

श्रम मन्त्रालयका प्रवक्ता सुमन घिमिरेले निर्धारित लक्ष्य भेट्टयाउने गरी नै काम गरिरहेको बताउनुभयो। सामाजिक सुरक्षा योजना कार्यान्वयनको सन्दर्भमा केही नीतिगत विषय सम्बोधन गर्नुपर्ने भएकाले मन्त्रालयले सरोकारवाला निकायसँग सहजीकरण गरिरहेको उहाँको भनाइ थियो।

"केही रोजगारदाताले दोहोरो करको विषय उठाउनुभएको छ", उहाँले भन्नुयभो, "दोहोरो करको विषय हल गर्न हामीले अर्थ मन्त्रालयसँग कुराकानी गरेका छौँ।" योजनाबारे रोजगारदाता र श्रमिकमा पनि केही अन्योल रहेको उल्लेख गर्दै प्रवक्ता घिमिरेले भन्नुभयो, "केही विषयमा थप स्पष्ट पार्नुपर्ने देखिएको छ, रोजगारदाता र श्रमिकलाई बुझाउँदै लैजानुपर्ने छ।" उहाँले सरकार, रोजगारदाता र श्रमिकको त्रिपक्षीय समझदारीका रूपमा सामाजिक सुरक्षा योजना आएको भन्दै कार्यान्वयनमा इमान्दारिता देखाउन आग्रह गर्नुभयो।

**सबैभन्दा बढी बागमती प्रदेशबाट, कर्णालीबाट शून्य**

कोषमा हालसम्म सूचीकृत भएका श्रमिकमध्ये सबैभन्दा बढी बागमती प्रदेशका छन्। सो प्रदेशबाट एक लाख दुई हजार ८०० श्रमिक योजनामा सामेल भएका छन्। यस्तै प्रदेश नं १ बाट २१ हजार ३२१, प्रदेश नं २ बाट आठ हजार २२९, गण्डकी प्रदेशबाट पाँच हजार २२०, प्रदेश नं ५ बाट तीन हजार ३५८, सुदुरपश्चिम प्रदेशबाट ४६६ र कर्णाली प्रदेशबाट १६९ श्रमिक योजनामा सहभागी भएका छन्।

एक महिनाको अवधिमा एक श्रमिक पनि कर्णाली प्रदेशबाट कोषमा सूचीकृत भएका छैनन्। यसैगरी बागमती प्रदेशबाट सबैभन्दा बढी रोजगारदाता सामेल भएका छन्। बागमतीका आठ हजार ९५, प्रदेश नं १ का एक हजार ८६०, प्रदेश नं ५ का ८६७, गण्डकी प्रदेशका ५५६, प्रदेश नं २ का ४८२, सुदुरपश्चिम प्रदेशका १२९ र कर्णाली प्रदेशका १२१ रोजगारदाता कोषमा सहभागी भएका छन्।

कोषका अनुसार यही माघ १९ गतेसम्म रु ५४ करोड १२ लाख ७७ हजार योगदान रकम सङ्कलन भइसकेको छ। सूचीकरणमा ७४ जिल्ला समेटिएका छन्। चार योगदानकर्ताका परिवारले कोषबाट आर्थिक सहायता पाउन थालेका छन्।

सरकारले २०७५ मङ्सिर ११ गते नयाँ युगको शुभारम्भ स्वरुप योगदानमा आधारित सामाजिक सुरक्षा योजना घोषणा गरेको थियो। सो योजना गत साउन १ गतेदेखि पूर्णरूपमा कार्यान्वयनमा आएको छ। कोषले औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजनालगायत चार प्रकारको सामाजिक सुरक्षा योजना सञ्चालनमा ल्याएको छ।

# नेपाल बाल सङ्गठनलाई मन्त्रालय मातहत ल्याउनुस् : समिति

काठमाडौँ, २० माघ (रासस)।

प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिले नेपाल बाल सङ्गठनको चल, अचल सम्पूर्ण सम्पत्ति एवं बालबालिकाको संरक्षकत्व यथाशीघ्र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मातहत ल्याउन निर्देशन दिएको छ।

नेपाल बाल सङ्गठनका पदाधिकारीसगँको छलफलपछि समितिले प्रदेशगत र स्थानीय तहगतरूपमा बालबालिकाको संरक्षण गर्ने व्यवस्था मिलाउन पनि मन्त्रालयलाई निर्देशन दिएको हो।

पाँच दशक लामो इतिहास भएको नेपाल बाल सङ्गठनले थुप्रै बालबालिकाको संरक्षकत्व निर्वाह गर्दै आए तापनि परिवर्तित शासन प्रणालीअनुरुप परिमार्जन हुन नसकेको समितिको ठम्याइ छ। बैठकले सङ्घीय संरचनाअनुसार बन्ने सम्पूर्ण संरचनालाई बालबालिका मैत्री बनाउन, न्यूनतम मापदण्ड पुरा गरेरमात्र बालगृह खोल्न, स्वास्थ्य, शिक्षालगायत न्यूनतम आधारभूत आवश्यकता पुरा एवं नियमित गर्ने कार्य अघि बढाउन मन्त्रालयको ध्यानाकर्षण गरेको छ।

समितिले बालबालिकाको हित प्रवर्द्धन गर्न खुलेका सम्पूर्ण गैरसरकारी सङ्घसंस्थाहरूको काम कारवाहीमा पारदर्शिता कायम गर्न, पोषणको अवस्थामा सुधार गर्न, बालबालिकाको अधिकार कुनै पनि कारणबाट खण्डित हुन नदिनतर्फ सजग रहन सरकारलाई सुझाव दिएको छ।

समितिले बालबालिकालाई मर्यादित व्यवहार गर्न, सूचनाको हकसम्बन्धी ऐनबमोजिम बालगृहका गतिविधि तीन/तीन महिनामा अद्यावधिक गरी सार्वजनिक गर्न तथा परोपकारको आवरणमा व्यापार चलाउने संस्थाको नियमित अनुगमन गर्न मन्त्रालय र समाज कल्याण परिषद्लाई निर्देश गरेको छ।

बैठकले बालबालिका संरक्षण गर्ने सरकारी संस्थामा सञ्चालको वा कर्मचारीको भूमिकामा रहेका व्यक्तिलाई त्यस्ता संस्थाको आबद्धता समाप्त भएको ५ वर्षसम्म बालगृह खोल्न वा कुनै पनि संस्थामा आबद्धता कायम गर्न नपाउने व्यवस्था गर्न पनि मन्त्रालयको ध्यानाकर्षण गराएको छ।

यसअघि बैठकमा महिला, बालिबालिका तथा ज्येष्ठ नागरिक मन्त्री पार्वत गुरुङले नेपाल बाल सङ्गठन सरकारलाई हस्तान्तरण गर्ने कार्यमा सहयोग पुऱ्याउन वर्तमान पदाधिकारीलाई सुझाव दिनुभयो। उहाँले भन्नुभयो, "केही हदसम्म सरकारी सेवासुविधा प्राप्त गरिरहेको सङ्गठनले उचाइ प्राप्त गर्नुपर्नेमा प्रश्न उठ्ने काम भएको छ, यो राम्रो होइन, कमजोर अवस्थामा चलेको सङ्गठनलाई किन सरकारलाई हस्तान्तरण गर्न चाहनु भएन।"

बैठकमा सदस्य लक्ष्मी परियार र खेम लोहनीले बाल सङ्गठन पूर्वाधारमात्र नभई बालबालिकाको हेरचाह र व्यवस्थापनसमेत लथालिङ्ग अवस्थामा रहेकाले व्यापक सुधारको खाँचो औँल्याउनुभयो।

अनाथ बालबालिका लागि निर्धारण गरिएको सिटमा सङ्गठनका पदाधिकारी र कर्मचारीका छोराछोरीलाई पढाइरहेको घटनाको पनि बैठकमा खुलासा भएको छ।

नेपाल बाल सङ्गठनमा एकदिने नवजात शिशुदेखि १८ वर्षसम्मका करीब ४०० बालबालिकाले आश्रय पाइरहेका छन्। त्यसमध्ये ७० बालबालिकाले विभिन्न विद्यालयमा आवासीय रूपमा शिक्षा प्राप्त गरिरहेको जानकारी दिइयो।

बालबालिकाको पोषणका लागि वार्षिक रु तीन करोड खर्च लाग्नेमा सरकारबाट रु २५ लाख उपलब्ध हुँदै आएको छ। मुलुकका विभिन्न स्थानमा बाल सङ्गठनका १० वटा बालगृह सञ्चालनमा छन्।

सङ्गठनलाई प्राप्त हुने बजेटको ठूलो हिस्सा बालबालिकाको उपचारमा खर्च हुने सङ्गठन सञ्चालक समितिका महासचिव गणेश श्रेष्ठले जानकारी दिनुभयो। विदेशी दातृ निकायले वार्षिक रूपमा एक करोड बराबरको छात्रवृत्ति बाल सङ्गठनलाई उपलब्ध गराउँदै आएको बताइएको छ।

# भन्सार छलेका कपडाहरु बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २० माघ।**

सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका १ कोशीबाँधबाट प्रहरीले भन्सार छलेर ल्याउँदै गरेको कपडा नियन्त्रणमा लिएको छ।

भारतबाट नेपालतर्फ साईकलमा अबैध रुपमा ल्याउँदै गरेको कुर्ता सुरुवालको कपडा ४४ पिस र सिल्कनको कपडा ३० मिटर गरि २३ हजार ८ सय बराबरको कपडा ईलाका प्रहरी कार्यालय भारदहले नियन्त्रणमा लिएको हो।

यता प्रहरीको गस्ति टोलीलाई देखेर कपडाहरु छोडेर मानिसहरु फरार भएपछि उक्त कपडाहरु प्रहरीले इलाका प्रहरी कार्यालय भारदहमा राखेको र भन्सार बुझाउने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## विश्व समाचार

# हुबेइमा ८ हजारभन्दा बढी स्वास्थ्यकर्मी पठाइयो

उहान, २० माघ (रासस/एएफपी)।

विश्वभर त्रास फैलाएको कोरोना भाइरसको उद्गमस्थल मानिएको चीनको हुवेइ प्रान्तमा ८ हजारभन्दा बढी स्वास्थ्यकर्मी खटाएको छ। हुवेइबाट प्राप्त समाचारअनुसार उक्त प्रान्तका विभिन्न क्षेत्रमा ८ हजार ३१० जना स्वास्थ्यकर्मी पठाइएको जनाइएको छ। ६८ वटा मेडिकल समूह बनाएर ती स्वास्थ्यकर्मी त्यहाँ पठाइएको हो। आजसम्म चीनमा मात्र यस सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ३६० पुगिसकेको स्वास्थ्य अधिकारीहरूले बताएका छन्। अवस्था झन् जटिल बन्दै गएपछि स्वास्थ्यकर्मीहरूको सङ्ख्या पनि बढाइएको सो समाचारमा जनाइएको छ।

चीनका विभिन्न २९ प्रान्त, स्थानीय निकाय र यहाँका स्वास्थ्य आयोगबाट ती स्वास्थ्यकर्मी खटाइएको यहाँका स्वास्थ्य अधिकारीहरूले सोमबार जानकारी दिएका छन्। ती स्वास्थ्यकर्मीहरूमध्ये ठूलो सङ्ख्याका स्वास्थ्यकर्मीलाई विमानस्थलमा राखिएको छ। विमानस्थलमा यस भाइरसको जाँच कडा पारिएको छ। कोरोना भाइरस फैलन नदिन विश्वका धेरै मुलुकले चीनसँगको आवतजावतमा कडाइ गरिसकेका छन्। गत वर्षको अन्त्यतिर मध्यचीनको उहानबाट यो भाइरसको सङ्क्रमण फैलिएको अनुमान गरिएको छ। यस कोरोना भाइरसबाट चीनमा मात्र १४ हजार मानिसमा सङ्क्रमण भएको छ भने विश्वका २४ मुलुकमा यस भाइरस देखापरेको बताइएको छ।

हुवेइ प्रान्तका सहायक गभर्नर सिआयो जुवाले उक्त प्रान्तमा स्वास्थ्य उपचार र सतर्कताको काममा कुनै कसर बाँकी नराखिएको सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो। उहाँले चीनले उहानबाट भाइरस अन्यत्र फैलिन नदिन विशेष सतर्कता अपनाएको भए पनि भाइरस बाहरिएको पनि जानकारी दिनुभयो। यता चीनको केन्द्र सरकारले पनि उहानलगायतका धेरै शहर बजारमा मानिसको आवतजावत रोक्नाका साथै सवारीसाधनहरू बन्द गरेको छ।

सहायक गभर्नर सिआयोले ती चिकित्सक र स्वास्थ्यकर्मीहरू वरिष्ठताका आधारमा पठाइएको र उनीहरू श्वासप्रश्वास र छाती रोगसम्बन्धी विशेषज्ञहरू रहेको जानकारी दिनुभयो। यसरी पठाइएकाहरूमा ५७ मेडिकल टिमका करिब सात हजारजना चिकित्सक र स्वास्थ्यकर्मी उहानमा मात्र पठाइएको उहाँले जानकारी दिनुभयो। उहान हुबेइको राजधानी शहर हो र यो सबैभन्दा बढी प्रभावित क्षेत्र पनि हो। विश्व स्वास्थ्य सङ्गठनले बिहीबारमात्र कोरोना भाइरसका कारण विश्व स्वास्थ्य सङ्कटकाल घोषणा गरेको छ। संयुक्तराज्य अमेरिका, अस्ट्रेलिया, न्युजिल्यान्ड र इजरायलले चीनबाट आउने व्यक्तिहरूलाई प्रवेश निषेध गरेका छन् भने आफ्ना नागरिकलाई पनि चीन भ्रमण नगर्न चेतावनी दिएका छन्।

मङ्गोलिया र रुसले सिमानाका बन्द गरेका छन् र पपुवा न्युगिनीले एशियाली मुलुकका हवाई वा बन्दरगाहबाट आउने जोसुकै व्यक्तिलाई प्रवेशमा रोक लगाएको छ। हाल कोरोना भाइरसको फैलने दरमा कमी आएको छ तर पूर्णरूपमा रोकिएको छैन। फिलिपिन्समा पनि आइतबार एकजनाको ज्यान गएको छ। उनी पनि उहानबाट गएका ४४ वर्षीय चिनियाँ नागरिक नै रहेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ। ती चिनियाँ नागरिकको मृत्यु भएको पुष्टि भएलगत्तै फिलिपिन्स सरकारले चीनबाट आउने विदेशी नागरिकको आवागमन बन्द गर्ने घोषणा गरेको छ। "चीनबाहिर कोरोना भाइरसका कारण व्यक्तिको मृत्यु भएको समाचारमा जनाइएको छ।

चीनमा आइतबारसम्ममा कोरोना भाइरसका कारण ३६० जनाको मृत्यु भएको चिनियाँ अधिकारीहरूले बताएका छन्। आइतबार अघिल्लो दिनको तुलनामा थप ४५ जनाको मृत्यु भएको हो। चीनमा दुई हजार ५९० जना नयाँ रोगी पनि फेला परेका छन् जसका कारण कूल सङ्क्रमित व्यक्तिको सङ्ख्या १४ हजार ५०० पुगेको छ। हालसम्म त्यहाँ १७ हजार मानिस सङ्क्रमित भएको बताइन्छ।

# इराकी प्रदर्शन : चार महिनाको अवधिमा ५३६ जनाको मृत्यु

बगदाद, २० माघ (रासस/सिन्ह्वा)।

इराकको स्वतन्त्र मानव अधिकार आयोगले सरकारविरोधी प्रदर्शनका क्रममा चार महिनाको अवधिमा ५३६ जनाको मृत्यु भएको जनाएको छ। सोमबार सार्वजनिक पछिल्लो प्रतिवेदनमा हिंसात्मक प्रदर्शनमा २३ हजार ५४५ जना घाइते भएका छन्।

मृत्यु भएकाहरूमा ५१९ जना सर्वसाधारण र १७ जना सुरक्षाकर्मी रहेका छन्। आयोगका अनुसार घाइते भएकामध्ये २० हजार २६ जना प्रदर्शनकारी र ३ हजार ५१९ जना सुरक्षाकर्मी रहेका छन्। आयोगका सदस्य अलि अल-बैयातीले गत वर्ष अक्टोबरदेखि जनवरी ३० को चार महिनाको अवधिमा २ हजार ७१३ जनालाई सुरक्षाकर्मीले गिरफ्तार गरेको बताउनुभयो। पक्राउ परेकामध्ये हाल ३२८ जना थुनामा रहेका र बाँकीलाई मुक्त गरिएको सरकारले जनाएको छ।

सरकारको विरोधमा राजधानी बग्दाद र अरू शहरमा गत वर्ष सन् २०१९ को अक्टोबरदेखि व्यापक प्रदर्शन जारी रहेको छ। प्रदर्शनकारीहरूले शासनमा व्यापक सुधार गर्नुपर्ने, भ्रष्टाचार अन्त्य गर्नुपर्ने तथा रोजगारी सिर्जना गर्नुपर्ने माग गरिरहेका छन्।

# प्रारम्भिक कक्षा पढाईलाई प्रभावकारी बनाउन कार्यशाला



**दैनिक समाचारदाता**
**राजबिराज, २० माघ ।**
राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि क्षमता बिकास सामुहिक कार्यशाला गोष्ठीको आयोजना गरिएको छ ।

सोमवार राजबिराज नगरपालिका कार्यालयले तीन दिने क्षमता बिकास कार्यालय गोष्ठीको आयोजना गरेको हो ।

गोष्ठीमा राजबिराज नगरपालिका प्रमुख प्रशासकिय अधिकृत मदन कुमार थापाले शिक्षाको स्तरबृद्धि तथा गुणस्तरिय शिक्षामा टेवा पुऱ्याउनका लागि क्षमता बिकास तालिमको आबश्यकता रहेको औल्याएका छन् ।

क्षमता बिकास कार्यशाला कार्यक्रमले शिक्षाको योजनाको निर्माण, कार्यन्वयन, अनुगमन तथा पृष्ठपोषण गर्ने उद्देश्य रहेको उनको भनाई छ ।

बिधालय क्षेत्र योजना अन्तर्गत समता शिक्षा प्रणालीलाई गुणस्तरिय, सक्षमता बनाउने, सुशासन तथा ब्यबस्थापन, उत्थानशिलता बिद्यालयहरूको द्वन्द्व तथा प्राकृतिक प्रकोपजन्य प्रभावलाई थेग्न सक्ने अबस्था सुनिश्चिता गर्न समुदाय स्तरमा क्रियाकलाप कार्यन्वयन गर्ने जिल्ला संयोजक डोल्पाका रणबहादुर कार्कीले जानकारी दिए ।

ईजीआरपी कार्यक्रम अन्तर्गत कक्षा १ देखी ३ कक्षा सम्मका वालवालिकाहरूलाई नेपाली भाषा पढाई सिपको बिकास, प्रभावकारी शिक्षणको लागि उपयुक्त शैक्षिक सामग्री प्रदान गर्ने, शिक्षकहरूको क्षमता अभिबृद्धि तालिम लगायतका क्रियाकलाप गर्ने ईजिआरपी सप्तरी संयोजक प्रमोद महतले बताए ।

समाबेशी, न्योचित र गुणस्तरिय शिक्षा, आधारभुत तहको शिक्षा पूरा गर्ने दर ९० पुऱ्याउने लक्ष्य रहेको तथा टिकाउ दर कक्षा ८ सम्म ९७ प्रतिशत, पुऱ्याउने राष्ट्रिय शिक्षा नीति रहेको बताईएको छ ।

नगर शिक्षा समितिका सदस्य तथा वडा ८ का वडा अध्यक्ष जयनारायण मण्डलको अध्यक्षतामा आयोजित गोष्ठीमा राजबिराज नगर उपप्रमुख साधना झा, शाखा अधिकृत भोगेन्द्र प्रसाद यादब, राजबिराज वडा ५ का वडा अध्यक्ष समीर झा, ६ का अध्यक्ष प्रेम कुमार यादब, ७ का मागीलाल नाई, ११ का अध्यक्ष संजय यादब, जिल्ला शिक्षा बिकास समन्वय ईकाई बिजय यादबलगायत नगर भित्रका बिद्यालयका प्रअ, ब्यबस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरूको सहभागिता रहेको छ ।

# सेनामा प्रवेश गर्ने सम्बन्धमा जानकारीमूलक कार्यक्रम सम्पन्न

**दैनिक समाचारदाता**
**राजबिराज, २० माघ ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा नेपाली सेनाको भीमदल गणले सोमबार जानकारीमूलक कार्यक्रमको आयोजना गरेको छ ।

सो गाउँपालिका वडा नं. १ तिलाठीमा गाउँपालिकाको संयोजन तथा समन्वयमा सेनाले जानकारीमूलक कार्यक्रमको आयोजना गरेको हो ।

नेपाली सेनामा प्रवेश गर्ने सम्बन्धमा आम जनतामा जानकारीको अभाव रहेको भन्दै भीमदल गणका क्याप्टेन कमल श्रेष्ठले नेपाली सेनाले सञ्चालन गर्ने गरेको नेपाल स्वयम्सेवक क्याडेट, नेपाली सेनामा भर्ना



प्रक्रिया लगायतको बिषयमा प्रस्तीुकरण गरेका थिए ।

कार्यक्रममा नेपाली सेनाप्रति अपनत्वको भावना जागृत गर्न तथा सेनामा प्रवेश सम्बन्धी प्रक्रियाको बारेमा कार्यक्रममा प्रस्तुतीकरण गरिएको थियो ।

सो कार्यक्रममा नेपाली सेना सम्बन्धी नेपाली तथा मैथिली भाषामा तयार पारिएको वृत्तचित्र समेत प्रदर्शनी गरिएको गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

यसैगरी मंगलबारदेखि विपद् प्रतिकार्य सम्बन्धी तीन दिने तालिमको समेत आयोजना गरिने छ । यस्तै गाउँपालिकाको समन्वयमा सर्पदंश सम्बन्धी सचेतनामूलक कार्यक्रम, माइन जोखिम शिक्षा, नेपाली सेनामा भर्ना प्रक्रियामा लिइने शारीरिक परीक्षण बारे प्रदर्शनीको आयोजना गर्नुका साथै स्वास्थ्य शिविर समेत सञ्चालन गरिने गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत झाले जानकारी दिए ।

कार्यक्रमको अवधिमा नेपाली सेना सम्बन्धी विभिन्न वृत्तचित्र तथा फोटो प्रदर्शनी समेत गरिने बताइएको छ ।

# सखुवामा भलिबल प्रतियोगिता शुरु, पहिलो खेलमा सिरहा बिजयी

**दैनिक समाचारदाता**
**राजबिराज, २० माघ ।**
सप्तरीको शम्भुनाथ नगरपालिका ४ सखुवामा सोमबारदेखि दोश्रो वडाअध्यक्ष कप भलिबल प्रतियोगिता शुरु भएको छ ।

प्रतियोगिताको उद्घाटन खेलमा पडरिया सिरहा ए टीम बिजयी भएको छ । निर्धारित समयमा इटहरी सुनसरी टीम नआएपछि सिरहा ए लाई वाक ओभर दिएर बिजेता घोषणाा गरेको हो ।

यसअघि सखुवास्थित कृषिहाट बजारमा शुरु भएको प्रतियोगिताको शम्भुनाथ नगरपालिकाका उपप्रमुख कबिता कुमारी सरदारले उद्घाटन गरेकी थिइन् ।

शम्भुनाथ नगरपालिका वडा नम्बर ४ का वडाअध्यक्ष अरण चौधरीको अध्यक्षतामा आयोजित




उद्घाटन कार्यक्रममा शम्भुनाथ नगरपालिका वडा नम्बर ३ का वडाअध्यक्ष शत्रुधन प्रसाद चौधरी, आयोजक प्रगतिशिल युवा क्लबका अध्यक्ष सचिन्द्र कुमार चौधरीले मन्तव्य राखेको थिए ।

शम्भुनाथ प्रगतिशिल युवा क्लबको आयोजनामा शुरु भएको प्रतियोगितामा सप्तरी, सिरहा, सर्लाही, उदयपुर र सुनसरीका विभिन्न ९ टीमको सहभागिता रहेको आयोजकले जनाएको छ । प्रतियोगिताको बिजेताले रू ५० हजार नगद तथा कप र उपबिजेताले रू ३० हजार नगद र मेडल प्रदान गरिने जनाएको छ ।

प्रतियोगिता अन्तर्गत मंगलवार फतेपुर सप्तरी र सिरहा बी बिच हुने जनाएको छ ।

# मोबाइलको विषयमा परिवारको अन्य सदस्यको संलग्नतामा श्रीमतीको हत्या

**दैनिक समाचारदाता**
**धनुषा, २० माघ ।**
धनुषाको औरही गाउँपालिका २ बस्ने अनिलकुमार पासवानले परिवारको अन्य सदस्यहरुको संलग्नतामा आफ्नै श्रीमती २२ वर्षीया चिन्तामणि पासवानको हत्या गरेका छन् ।

सो घटना बारे जानकारी दिन सोमबार जिल्ला प्रहरी कार्यालय धनुषाले पत्रकार सम्मेलन गरी अभियुक्तहरुलाई पक्राउ गरी सार्वजनिक समेत गरेको छ ।

मोबाइलको विषयमा विवाद गरेको भन्दै श्रीमान्, नन्द, सासु र ससुरा मिलेर कुटिकुटि घाइते बनाइ घाँटी थिचेर हत्या गरेको धनुषा प्रहरीले जनाएको छ ।

गत शनिवार दिउँसो १ बजेको समयमा नन्द पुनिता पासवानसंग चिन्तामणिको मोबाइलको विषयमा झगडा भएको थियो । सोहि विषयलाई लिएर श्रीमान ३० वर्षका अनिल, सासु ४५ वर्षीया कुमला पासवान, ससुरा ५५ वर्षीया राधाकृष्ण पासवान र नन्द २० वर्षीया पुनिता पासवान समेतले मिलेर कुटिकुटि घाइते बनाए अन्तिममा घाँटी थिचेर चिन्तामणिको हत्या गरेको अनुसन्धानबाट खुलेको धनुषाका प्रहरी उपरीक्षक रमेशकुमा वस्नेतले जानकारी दिए ।

प्रहरी निरीक्षक वस्नेतका अनुसार विवाद हुँदा चिन्तामणिलाई घरपरिवार मिलेर कुटपिट गरी घाँटी थिचेर हत्या गरे पश्चात घटनालाई लुकाउन झुण्डेपछि गम्भीर घाइते भएको भन्दै अटो रिक्सामा जनकपुर स्थित प्रादेशिक अस्पतालको अकास्मिक कक्षमा उपचारको लागि ल्याएको थियो ।

प्रहरीलाई त्यस विषयमा जानकारी हुँदा संकास्पद देखिएपछि अनुसन्धान गर्दा चिन्तामणिको घरमै हत्या गरेर घटना लुकाउन शव प्रादेशिक अस्पतालमा ल्याइएको खुलेको प्रहरीले जनाएको छ । घटना पश्चत फरार घरपरिवारका सदस्यहरुलाई विभिन्न ठाउँबाट पक्राउ गरी सार्वजनिक गरिएको छ ।

**दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित**



**छिन्नमस्ता डेरी उद्योग**
**सिरहा रोड, राजविराज ७, खरसाल टोल**
**मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७**



**हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यु, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।**




**नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।**

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*